आकाशवाणी

मुख्य समाचार।

- हरियाणाका जनताले भाजपालाई फेरी सेवाको अवसर दिने प्रधानमन्त्रीको  विश्वास
- जम्मू-कश्मीरमा आतङ्कवादलाई जरैदेखि समाप्त गरिएको श्री अमित शाहको भनाइ
- भारत विज्ञानको क्षेत्रमा फेरि पुरानो गौरव पाप्त गर्ने मार्गमा भयो अग्रसर
- सातौँ राष्ट्रीय पोषण माहीनामा नौ करोड बीस लाखभन्दा धैरे कार्यक्रम आयोजित, अनि
- बेरूतमा भारतीय दूतावासले भारतीय नागरीकहरूलाई लेबनानको यात्रा नगर्ने अनि लेबनानबाट फर्किने दियो  सुझाव

अब समाचार विस्तारमा।

## प्रधानमन्त्री हरियाणा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज हरियाणाका जनताले भाजपालाई एक पल्ट फेरि सेवाको अवसर दिन्छ भन्ने विश्वास व्याक्त गर्नुभयो। श्री मोदीले भीडियो कन्फ्रेन्सीङ्गका माध्यम द्वारा हरियाणाका भाजपा बूथ कार्यकर्ताहरूलाई सम्बोधन गर्दै पार्टी राज्यमा भ्रष्टाचार मुक्त सरकार चलीरहेको बताउनु भयो।

श्री मोदीले भन्नुभयो, राज्यका युवाहरूलाई कुनै गलत तरीकाको सहारा बिना रोजगार मिलिरहेको छ। श्री मोदीले कांग्रेसको आलोचना गर्दै यो पार्टी गुटबाजी, कलहपूर्ण र एक-अर्कामा हिसाब बराबर गर्नमा अल्झेको आरोप लगाउनुभयो। उहाँले यस्तो पार्टीले कहिलै पनि हरियाणाका जनताको विश्वास जीत्न सक्दैन भन्ने दावी पनि गर्नुभयो।

## जम्मू-कश्मीर-अमित शाह

भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केन्द्रीय गृह मन्त्री श्री अमित शाहले भन्नुभयो, जम्मू-कश्मीरमा आतङ्कवादलाई जरैदेखि समाप्त गरिएको

छ र यसलाई फेरी फस्टाउन दिइएने छैन । उधमपुर जिल्ालाको चेनानी इलाकामा चुनावी रेलीलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो , श्री मोदीको नेतृत्वमा भएको सरकारले अनुच्छेद  तिन सय सत्तरीलाई निरस््त गर्दै पार्टी संरक्षक श्री  **श्यामा प्रसाद मुखर्जीको** सपनाा साकार  गरेको छ। जम्मू-कश्मीरमा चुनावको अन्तिम चरणमा जम्मूको चौबीस अनि कश्मीर संभागको सोरह विधानसभा क्षेत्रमाा मतदान हुनेछ ।

**उप-राष्ट्रपति सीएसआईआर**

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभएको छ, भारत विज्ञानको क्षेत्रमा दुनियामा  आफ्नो पुरानाो गौरव फेरी पाप्त गर्ने मार्गमा अग्रसर छ । नयाँ दिल्लीमा वैज्ञानिक एवं औद्योगिक अनुसन्धान परिषद – सी.एस.आई.आर – को तिरासीऔं, स्थापना दिवस समारोहमा मुख्य अतिथिको  रूपमा अध्यक्षता गर्दै श्री धनखड़ले भन्नुभयो , प्राचीन भारतले आफ्नो वैज्ञानिक ज्ञानले विश्वलाई गौरवान्वाित बनाएको थियो । उहाँले भन्नुभयो , पछािलाो केही वर्षमा वैज्ञानिक समुदायको मान्यता बढ़ेको छ । उपराष्ट्रपतिले भन्नुभयो , प्रधानमन्त्रीको मन अनि आत्मा वैज्ञानिक समुदाय संग गहािरो जाोडीएको

छ । उहाँले भन्नुभयो , अब एउट यस्तो पारिस्थित◌ीकीय तन्त्र छ जहा◌ँ वैज्ञानिक समुदायले आफ्नो प्रतिभालाई राम्ररी दोहन गरेर राष्ट्रका लागि योगदान गर्न सक्छ। उपराष्ट्रपतिले देशको जगलाई बलियो बनाउनका लागि सी.एस.आई.आर–को प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो , आज सी.एस.आई.आर –का लागि देश र विश्वको उत्थानको एउटा **रोड म◌्याप** अघि ल्याउने अवसर ह◌ो।

**जयशङ्कर-यूएनजीए**

विदेश मन्त्री ड◌ा. एस. जयशङ्करले हिजो रात◌ी न्यूय◌ोर्कमा संयुक्त राष्ट्र महासभाको उन्नासीऔ- अधिविशेन देखी अलग रूसका विदेश मन्त्री श्री **सरगोइ लावरोव** संग द्विपक्षीय बैठक गर्नुभयो। सोशल मीडिया पोस्टमा ड◌ा. जयशङ्करले भन्नुभएको छ, बैठकमा उहाँले आपसी सहयोग र क्षेत्रीय मुद्द◌ामा चर्चा गर्नुभयो । ड◌ा. जयशङ्करले न्यूजील◌्याण्डका विदेशमन्त्री श्री विस्टन पीटर्स संग पनि बैठक गर्नुभयो अनि उहाँलाई भेटेर राम्रो लागेको पनि बताउनुभयो । ड◌ा. जयशङ्करले बेल्ज◌ीयमका

प्रधानमन्त्री श्री एलेक्जेन्डर डी. क्रू –संग पनि भेट गर्नुभयो र विनिर्माण तथा प्रौद्योगिकी बारे विचार-विमर्श गर्नुभयो । दुबै नेताहरूले  यूक्रेनको  स्थितिमा पनि  चर्चा गर्नुभयो। ड◌ा. जयशङ्कर महासभाको बैठकदेखी अलग क◌ेही प्रतिनिध◌ी र कुटनीतिज्ञहरूसंग पनि भेट्नुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।

**पोषण माह**

सात◌ौ◌ं राष्ट्रीय पोषण माह◌ीनामा अहिलेसम्म नौ करोड बीस लाखभन्दा धेरै कार्यक्रम आयोजित गरिएको छ । रगतको कमीको रोकथामका लागि वार्षिक पौष्टिक आहार र कल्याण अभियान अन्तर्गत लगभग एक करोड अठासी लाख कार्यक्रम आयोजित गरिएको छ । एक करोड अठसट्ठी लाख कार्यक्रममा प्रौढ़ता वृद्धिमा अनि एक करोड पैतालीस लाख कार्यक्रमहरूमा पूरक आहार सेवनमा ध्यान दिइएको छ। सरकारले पोषण पनि-पढाई पनि अभियान अन्तर्गत एक करोड उनन्साठी लाख कार्यक्रमको आयोजन◌ा

गऱ्यो। यस अतिरिक्त मानिसमा जागरूकता बढ़ाउनका लागि पर्यावरण संरक्षण र यसको प्रकारको अनेक अभियान चलायो । महिला अनि बाल विकास मन्त्रालयले बताएको छ , यो वर्षको पोषण माहिना अभियानमा महाराष्ट्र, बिहार, मध्य प्रदेश, उत्तर प्रदेश, गुजरात अनि आन्ध्र प्रदेशको प्रदर्शन राम्रो रहेको छ ।

**भारतीय दूतावास - सलाह**

बेरूतमा भारतीय दूतावासले इज़राइल अनि हिजबुल्लाहबीच बढ़्दो संघर्षका कारण भारतीय नागरीकहरूलाई लेबनानको यात्रा नगर्ने अनि लेबनानबाट फर्किने सलाह दिएको छ । दूतावासले भारतीय नागरिकहरूलाई अघिल्लो सूचनासम्म पश्चिम एशियाई देशको यात्रा नगर्ने चेतावनी दिएको छ र लेबनानमा पहिलाभन्दा अहिलेका भारतीयहरूलाई पनि लेबनान छोड़्ने सलाह दिइएको छ । दूतावासले भनेको छ, जो मानिस कुनै पनि कारणले त्यहाँ रोकीएका छन् उनीहरूलाई अत्यधिक सावधानी रहेर, आफ्ना गतिविधीहरूलाई सीमित गर्ने र भारतीय दूतावासको सम्पर्कमा रहने

सलाह दि‌इन्छ। लेबनानमा अहिले इजरायली हवाई हमलामा पचास जना नानीहरू सहित पाँच सय अन्ठाउन्न जना मानिसको मृत्यु भएको छ भने एक हजार आठ सय पैतीस जना घाइते भएका छन् । हिजबुल्लाहले पनि जवाबी कार्रवाई  गर्दै इजराइलमा रकेट हमला गरेको छ ।

## प्रधान-बेरोजगारी

केन्द्रीय मन्त्री श्री  धर्मेन्द्र प्रधानले युवाहरूबीच बढ्दो बेरोजगारी सम्बन्धमा विपक्ष शासित राज्यको  आलोचना गर्नुभयो । सामयिक श्रम बल सर्वेक्षण दुई हजार तेइस– चौबीसको आकड़ाको कुरा गर्दै श्री प्रधानले विपक्षी दलको नेतृत्व भएका राज्यमा रोजगार सृजनाको विफलतामा प्रकाश पार्नुभयो। यो सर्वेक्षण अनुसार, केरलमा देशका सबैभन्दा धेरै युवा बेरोजगारी दर दर्ता गरिएको छ।  श्री प्रधानले आरोप लगाउनुभयो, विपक्ष शासित राज्य भ्रष्टाचार ग्रस्त छ । मध्य प्रदेश र गुजरात जस्तो राज्यले युवा बेरोजगारी दरलाई नियन्त्रणमा राखेको छ । उहाँले भन्नुभयो राज्यले दीर्घकालीन रोजगार सृजना र बलियो राजकोषीय नीतिहरूमा ध्यान

केन्द्रित गर्दैछ।

**भारत-यूएनएससी सदस्यता**

फ्रान्सका राष्ट्रपति श्री इमेनुएल मेक्रन-ले संशोधित संयुक्त राष्ट्र सुरक्षा परिषद-यू.एन.एस.सी –लाई स्थायी सदस्यका रूपमा भारतलाई शामेल गर्नमा जोड दिनुभयो । फ्रान्सेली राष्ट्रपतिले भारत, जर्मनी, जापान र ब्राजीललाई स्थायी सदस्य हुनुपर्ने अनि अफ्रीकाले आफ्नो प्रतिनिधित्व गर्नका लागि दुईवटा देशलाई नामित गर्नमा सहमति जताउनुभयो । फ्रान्सेली राष्ट्रपतिले संयुक्त राष्ट्रलाई अझै अधिक प्रभावी बनाउनका लागि, विशेष गरी सुरक्षा परिषदको वर्तमान संरचनामा सुधारका आवश्यकतामा पनि जोड दिनुभयो। यस अघी अमेरिकी राष्ट्रपति श्री जो बाइडेन, रूसी विदेश मन्त्री श्री sergey lavrov र चिलीका राष्ट्रपति श्री गेब्रियल बोरिक फन्ट सहित अन्य विश्व नेताहरूले पनि यू.एन.एस.सी-मा भारतको स्थायी सदस्यताको वकालत गरेका थिए।

**अनत्यमा मुख्य समाचार फेरी एकपल्ट**

- हरियाणाका जनताले भाजपालाई फेरी सेवाको अवसर दिने प्रधानमन्त्रीको  विश्वास
- जम◌्मू-कश्मीरमा आतङ्कवादलाई जरैदेखि समाप◌्त गरिएको श्री अमित शाहको भनाइ
- भारत विज्ञानको क्षेत्रमा फेरि पुरान◌ो गौरव पाप्त गर्ने मार्गमा भयो अग्रसर
- सात◌ौ◌ँ राष्ट्रीय पोषण माह◌ीनामा नौ करोड बीस लाखभन्दा धेरै कार्यक्रम आयोजित, अनि
- बेरूतमा भारतीय दूतावासले भारतीय नागर◌ीकहरूलाई लेबनानको यात्रा नगर्ने अनि लेबनानबाट फर्किने दियो  सुझाव

**आकाशवाणीबाट सुन्दै हुनुहुनथ्यो समाचार पूरा भयो।**